SUSTAINABLE DEVELOPMENT GOAL (SDG)

Process Handbook for Local Government

# दिगो विकास लक्ष्य कार्यान्वयन विधि

## स्थानीय सरकारका लागी हाते पुस्तिका

SUSTAINABLE DEVELOPMENT GOALS

SDG

# विषय-सूची

| | | |
|---|---|---|
| ०१ | पृष्ठभूमि | १ |
| ०२ | दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणको औचित्य | २ |
| ०३ | दिगो विकास लक्ष्यहरूको स्थानीयकरण प्रयासमा सहजीकरण सहयोगको सान्दर्भिकता | ३ |
| ०४ | दिगो विकास लक्ष्यहरूको स्थानीयकरण प्रयासमा सहजीकरण सहयोगको उद्देश्य | ३ |
| ०५ | दिगो विकास लक्ष्यहरूको स्थानीयकरणमा सहजीकरण सहयोग प्रक्रियाका चरणहरू | ५ |
| | चरण १: परिचयात्मक बैठकहरू | ५ |
| | चरण २: अन्तरक्रिया कार्यशाला र SDG मूल्याङ्कन | ५ |
| | चरण ३: SDGs स्थानीयकरण मस्यौदा प्रस्ताव र कार्यदल | ६ |
| | चरण ४ : अन्तरक्रिया कार्यशाला र कार्यदलहरूबाट तयार गरिएका योजनाहरूको प्रस्तुतीकरण | ७ |
| | चरण ५ : कार्यकारी बोर्डमा कार्य योजना प्रस्तुत गर्ने | ७ |
| | चरण ६ : फलोअप/समीक्षा गर्ने | ८ |
| ०६ | दिगो विकास लक्ष्यहरूको स्थानीयकरणमा सहजीकरण सहयोग प्रक्रियाका चरणहरू | १२ |

# ०१ पृष्ठभूमि

हाल बढ्दै गएको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २030 सम्ममा पुरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेका छन् जसलाई दीगो विकासका लक्ष्य (SDG) भनिएको छ। २030 एजेन्डा आत्मसाथ गरिरहदा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले "कोही पनि पछाडि नछुटुन" भन्ने कुराको सुनिश्चतताका साथ (SDG) प्राप्तिमा अघि बढ्ने प्रतिज्ञा समेत लिएका छन्।

नेपालको संविधान र दिगो विकास लक्ष्य दुवैले "विकास" लाई "मानव केन्द्रित" अवधारणाबाट हेरेका छन्। यस अवधारणाले विकासलाई एकीकृत तरिकाबाट व्यापक रूपले मानवीय अवस्थामा सुधार गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास गर्ने माध्यमका रूपमा हेर्दछ। दिगो विकास लक्ष्यले विकासको आधारभूत मानवीय आवश्यकता भोकमरी तथा गरिबीको अन्त्य, सबैका लागि सुरक्षित खानेपानी तथा सरसफाइको सुनिश्चितता जस्ता विषय समेटेको छ। गुणात्मक जीवनका पक्षहरूमा स्वस्थ जीवन एवम् सम्पन्नता, गुणात्मक शिक्षा तथा जीवन उपयोगी सिकाइ एवम् उच्च मानवीय आकांक्षा (लैङ्गिक समानताको प्राप्ति, असमानताको कमी, शान्ति स्थापना, न्यायमा पहुँच, समावेशी संस्थाहरू) जस्ता कुराहरू मुख्य आधारका रूपमा रहेका छन्।

# ०२ दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणको औचित्य

नेपालको संविधानले तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरी सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित सङ्घीय शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ। तसर्थ, सबै तहका सरकारहरूले आआफ्नो कार्यजिम्मेवारीअनुसार दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा क्रियाशील हुनु जरुरी छ। यसमा पनि स्थानीय तह नागरिकहरूसँग दैनिक रूपमा साक्षात्कार हुने भएकाले स्थानीय आवश्यकता र प्राथमिकतामा बढी जानकार हुन्छन् भन्ने विश्वास लिइएको छ।

दिगो विकास लक्ष्यले विकासमा 'कोही पनि पछाडि नछुटुन्' (leave no one behind) को मान्यता लिएको छ। विकास नतिजा समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। सबैलाई समान रुपले प्रतिफल सुनिश्चित गर्न लक्षित कार्यहरू गरिबी भएका निश्चित पकेट क्षेत्रहरूमा सञ्चालन गर्नुपर्ने हुन्छ। सूचना तथा अनुगमनसम्बन्धी अधिकार स्थानीय स्तरमा नै सुनिश्चित भएको अवस्थामा विकासका प्रक्रियामा कोही छुटे नछुटेका बारेमा राम्ररी अनुगमन गर्न सकिन्छ।

## ०३ दिगो विकास लक्ष्यहरूको स्थानीयकरण प्रयासमा सहजीकरण सहयोगको सान्दर्भिकता

नेपाल सरकारले स्थानीय तहहरूको आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा वार्षिक बजेट र योजना तयार गर्न तथा उक्त कार्यमा न्यूनतम स्तरीयतासमेत कायम गर्न आवश्यक दिग्दर्शन र कार्यविधिहरू तयार गरी उपलब्ध गराएको छ। साथै, दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकासमेत तयार गरी उपलब्ध गराएको छ। तर स्थानीय तहमा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीहरूको विद्यमान क्षमतामा विविधता रहेकाले, यसरी उपलब्ध दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाको प्रयोगमा सहजीकरण सहयोगको आवश्यकता टड्कारो रूपमा देखिन्छ।

## ०४ दिगो विकास लक्ष्यहरूको स्थानीयकरण प्रयासमा सहजीकरण सहयोगको उद्देश्य

यस हाते पुस्तिकाको मुख्य उद्देश्य स्थानीय तहलाई नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताहरू पूरा गर्न, राष्ट्रिय दीर्घकालीन सोचलाई स्थानीय स्तरमा प्रतिबिम्बित गर्न स्थानीय तहले निम्न विषयमा ध्यान दिनु आवश्यक हुन्छ।

- **आवश्यकताको पहिचान** : स्थानीय तहको समस्या/आवश्यकता पहिचान गरी सोअनुरूप दिगो विकास लक्ष्यमध्ये केमा जोड दिने भन्ने कुरा सर्वप्रथम निर्धारण गर्नुपर्दछ। यसैअनुरूप नीति तर्जुमा र आयोजना/कार्यक्रमहरू छनौट गर्नुपर्छ।

- **प्राथमिकताको पहिचान :** सर्वप्रथम आफ्ना प्राथमिकताको पहिचान गर्नुपर्दछ। यस्तो प्राथमिकता स्थानीय अवस्थामा आधारित तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा समेत परेको हुनु उपयुक्त हुन्छ । दिगो विकासका प्राथमिकता निर्धारण गर्दा वित्तीय पक्ष, संस्थागत क्षमता, तथ्यपरक सूचना, जोखिमका पक्षलगायतलाई समेत ध्यान दिनु आवश्यक हुन्छ ।
- **नीतिगत औजारको अवलम्बन :** आवश्यक नीति, कानुन तथा कार्यविधि निर्माण गर्नुपर्दछ। स्थानीय तहमा रहेका निजी क्षेत्र, सहकारी, गैरसकारी संस्था, सामुदायिक संस्थासँग विकास साझेदारीका निमित्त के कस्ता प्रोत्साहनको व्यवस्था आवश्यक पर्दछ सोको गहिरो विश्लेषण गर्नु आवश्यक हुन्छ । स्थानीय तहमा क्रियाशील राजनीतिक दलका बिच विकासका विषयमा आमसहमति, स्थानीय तहमा काम गर्ने गैरसरकारी संस्था र अन्य साझेदारहरूलाई आफ्नो प्राथमिकतामा डोऱ्याउने, नवीन ढङ्गले प्रचार प्रसार गर्ने कार्यमा स्थानीय सञ्चार माध्यमको निरन्तर सहयोग आवश्यक पर्दछ।
- **स्रोत साधनको परिचालन :** दिगो विकास लक्ष्य हासिल गर्न व्यवस्थित लगानीको आवश्यकता पर्दछ। यस कारण स्रोत साधनको दायरा विस्तार, सम्भाव्य स्रोतका क्षेत्रको पहिचान, आकर्षक र उपयुक्त वातावरण बनाउनु, निजी, गै.स.स., सहकारी, समुदाय र घरपरिवारको स्रोतसमेत आकर्षण गर्ने गरी नीति र कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ। यसैले स्रोतको रणनीतिक प्राथमिकता निर्धारण गर्नुपर्दछ।
- संस्थागत व्यवस्था दिगो विकास लक्ष्य प्राप्तिमा संस्थागत क्षमता विकास गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ । उपयुक्त संरचना, क्षमतायुक्त र प्रविधिमैत्री कर्मचारी, सुव्यवस्थित तथ्याङ्क प्रणाली, सुशासन जस्ता पक्ष अत्यन्त महत्वपूर्ण हुन्छन्।

# ०५ दिगो विकास लक्ष्यहरूको स्थानीयकरणमा सहजीकरण सहयोग प्रक्रियाका चरणहरू

## चरण १: परिचयात्मक बैठकहरू

- SDGs स्थानीयकरणप्रति जागरुकता, नगरपालिकाको SDG स्थानीयकरणको स्तर र प्रतिबद्धताको मूल्याङ्कन गर्न पालिकाका अधिकारीहरूसँगको परिचयात्मक बैठक गर्ने। SDGs का सन्दर्भमा सहभागीहरूको ज्ञानको जाँच गर्दै SDGs मा सचेत तुल्याउने।
- SDG कार्यक्रम कार्यन्वयनका लागि पालिकाका तर्फबाट संयोजक चयन गर्ने।
- पालिकाको SDG स्थानीयकरणको सन्दर्भ र स्थितिको मूल्याङ्कन गर्न गैर-सरकारी संस्थाहरूसँग अन्तरक्रिया बैठकहरू गर्ने।

## चरण २: अन्तरक्रिया कार्यशाला र SDG मूल्याङ्कन

- मुख्य सरोकारवालाहरू (प्रमूख, उपप्रमूख, वडा अध्यक्ष, पालिकाका कर्मचारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू र अन्य) सँग चेतनामूलक कार्यशाला आयोजना गर्ने।
- सरोकारवालाहरूबिचको वर्तमान अवस्थाको बुझाइ बढाउन चयन गरिएका उपकरणहरूको प्रयोगले सहज बनाउने।
- पालिकाका ३-४ ओटा SDG प्राथमिकताहरू परिभाषित गर्ने।

- प्राथमिकताका आधारमा प्रत्येक SDG का लागि संयोजकको नेतृत्वमा कार्यदल गठन गर्ने र उक्त कार्यदलका काम कर्तव्यहरू तोक्ने ।

उपकरणहरू : प्रस्तुति, SDG स्थानीयकरण संसाधन पुस्तक, SDG मूल्याङ्कन उपकरण (City Works) आदि ।

## चरण ३: SDGs स्थानीयकरण मस्यौदा प्रस्ताव र कार्यदल

यो कार्यशाला पहिलो कार्यशालाको एक महिनाभित्र आयोजना गर्न सकिन्छ। यस कार्यशालामा पहिलो कार्यशालाका तुलनामा सहभागीहरू कम हुनेछन् । यसमा प्राथमिकीकरण गरिएका SDGs हरूको स्थानीयकरण गर्न विशेष कार्यहरूसहित समूह क्रियाकलापहरूमा केन्द्रित हुनेछ।

- परिमाणात्मक लक्ष्यहरू, सूचकहरू र तिनीहरूको milesstone आधाररेखा निर्धारण गर्दै, स्थानीय सन्दर्भसँगै SDGs स्थानीयकरण स्रोत पुस्तकमा तोकिएको अनुसार मिलाउने ।
- चयन गरिएका SDGs कार्यान्वयन गर्न रणनीतिक लक्ष्य, नतिजा र गतिविधिहरू परिभाषित गर्ने आवधिक रणनीतिक योजनाहरूमा SDG सम्बन्धित लक्ष्यहरू एकीकृत गर्ने ।
- आवधिक योजना, मध्यकालीन खर्च योजना, वार्षिक योजनामा समावेश गर्न आवश्यक रणनीति र नीति मार्गनिर्देशनको विकास गर्ने ।
- चयन गरिएका SDG हरू लागु गर्नका लागि प्रक्रियासहितको अनुगमन र मूल्याङ्कन संयन्त्र, मोडालिटीहरूसहित ठोस SDG स्थानीयकरण कार्य योजना विकास गर्ने ।
- कार्यदलले विभिन्न सरोकारका निकायबाट तथ्याङ्क सङ्कलन र Verification गर्ने ।

- बिचबिचमा, आवश्यक समूह छलफल गर्दै कार्यहरूसँग क्रियाकलाप सङ्गठित गर्ने ।

उपकरण/विधिहरू: City Works उपकरणहरू, SDG स्थानीयकरण स्रोत पुस्तिका, प्राप्तहरूको आवधिक योजना, वार्षिक योजना र बजेट दिशानिर्देश तथा योजनाहरू

## चरण ४ : अन्तरक्रिया कार्यशाला र कार्यदलहरूबाट तयार गरिएका योजनाहरूको प्रस्तुतीकरण

**विभिन्न कार्यदलहरूबाट काम पूरा भएपछि, यो कार्यशाला योजना बनाउने ।**

- चयन गरिएका SDGs र कार्यदलबाट तयार पारिएको कार्ययोजना र सहयोगको प्रतिबद्धताअनुसार सम्बन्धित सरोकारवालाहरूसँग कार्यशाला गर्ने (फोकस समूह कार्यको नतिजाको विश्लेषण) ।
- बैठक, कार्यशाला र सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रिया र प्रतिक्रियाहरू समावेश गरी SDG स्थानीयकरण कार्य योजनालाई अन्तिम रूप दिने, जसमा महिला र पिछडिएका समूहका प्रतिनिधिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।


## चरण ५ : कार्यकारी बोर्डमा कार्य योजना प्रस्तुत गर्ने

- स्वीकृत बजेट र अनुगमन ढाँचासहित SDG स्थानीयकरण कार्य योजना कार्यपालिकामा निर्णय तथा कार्यान्वयनका लागि प्रस्तुत गर्ने ।


## चरण ६ : फलोअप/समीक्षा गर्ने

- SDG कार्य योजनाको कार्यान्वयनमा अनुगमन/समीक्षा बैठक गर्ने ।

## दिगो विकास लक्ष्य कार्यान्वयन समितिको संरचना निर्माण



# स्थानीय विकास समस्या समाधान समिति आवश्यक प्रगति समीक्षा तथा समस्याको समाधान समिति



(सो समितिले योजना, कार्यक्रम र आयोजनाहरूको प्रगतिको चौमासिक तथा वार्षिक समीक्षा गरी समस्याको समाधान गर्ने, अन्तर तह समन्वय गर्ने र आफ्नो पहलमा समाधान हुन नसक्ने विषयलाई प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पठाउने कार्य गर्नुपर्दछ।)



## स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने प्रमुख अवयवहरू

1. स्थानीय तहले दिगो विकास लक्ष्य हासिल गर्न नतिजामूलक योजना तर्जुमा गर्नुपर्दछ।

2. स्थानीय तहले स्थानीय आवधिक योजनासँग तालमेल हुने गरी विस्तृत र नतिजामूलक वार्षिक योजना तथा बजेट तयार गर्नुपर्दछ।

3. वार्षिक बजेटमा समावेश गरेको चालु खर्चसमेत नतिजामा आधारित हुने गरी तयार पार्नुपर्दछ। सबै विषयगत क्षेत्रको चालु खर्चको समेत यथासम्भव सेवा प्रवाह तहसम्म खण्डीकृत बजेट तयार पार्नुपर्दछ।

4. वार्षिक योजना तयार गर्दा मध्यकालीन खर्च संरचनासँग तालमेल हुने गरी तयार गर्नुपर्दछ।

5. अनुगमन तथा मूल्याङ्कनलगायत योजना प्रक्रियाको हरेक चरणमा समावेशी, उत्तरदायी, पारदर्शी, जवाफदेही स्थानीय व्यवस्थापनको सुनिश्चितता गर्नुपर्दछ। यी विषय स्थानीय समुदायले विकासका आकांक्षाहरू दिगो रूपमा हासिल गर्ने एउटा अभिन्न अङ्ग हुन्।

# ०६ दिगो विकास लक्ष्यहरूको स्थानीयकरणमा सहजीकरण सहयोग प्रक्रियाका चरणहरू




| पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौं चरण | छैटौं चरण |
| --- | --- | --- | --- | --- | --- |
| परिचयात्मक बैठकहरू | अन्तरक्रिया कार्यशाला र SDG मूल्याङ्कन | SDGs स्थानीयकरण मस्यौदा प्रस्ताव र कार्यदल | अन्तरक्रिया कार्यशाला र कार्यदलहरूबाट तयार गरिएका योजनाहरूको प्रस्तुतीकरण | कार्यकारी बोर्डमा कार्य योजना प्रस्तुत गर्ने | फलोअप/समीक्षा गर्ने |

The Nepal-German Capacity Development Support to Governance (CDSG) Programme led by the Ministry of Federal Affairs and General Administration and supported by GIZ on behalf of BMZ.